# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जीतपुरसिमरा उप महानगरपालिका
## बारा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जीतपुरसिमरा उप महानगरपालिका
## बारा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जीतपुरसिमरा उप महानगरपालिका

## बारा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ९७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,

जीतपुरसिमरा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

जीतपुर, बारा ।

१. **कैफियत सहितको राय** – हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१५ करोड १४ लाख ५८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.६० लाख ४१ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड १९ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ करोड ११ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ७ लाख ३३ हजार र पेश्की बाँकी रु.५ करोड १५ लाख ४७ हजार समेत गरी यस वर्ष रु.१४ करोड ५४ लाख १७ हजार बेरुजु कायम रहेको छ । जीतपुरसिमरा उपमहानगरपालिकाको गतवर्ष सम्म रु.६० करोड ९६ लाख १३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.६७ करोड ७७

लाख १५ हजार रहेको छ । जीतपुरसिमरा उपमहानगरपालिकाको बेरुजु वर्गिकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने जीतपुरसिमरा उपमहानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी जीतपुरसिमरा उपमहानगरपालिका को व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्यामप्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

जीतपुरसिमरा उपमहानगरपालिका,

बारा

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोध भर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | ३३७ | १५१४५८ | ० | १६ | ६०४१ | ६९ | ३२१ | १४५४१७ | ११९५१ | ३०७३३ | ५११८६ | ० | ० | ८१९१९ | ५१५४७ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जीतपुरसिमरा उपमहानगरपालिका, बारा | ६०९६१३ | ० | ७७३१५ | ५३२२९८ | ० | १४५४१७ | ६७७७१५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **२०७९।८० (चालु वर्षको)** | | | | |
| १ | ०७९।०८० | २२ | सिसी क्यामेरा जडान | ३४५५१५ |
| २ | ०७९।०८० | ५२.२ | दोहोरो सुविधा | १२४१०० |
| ३ | ०७९।०८० | ५२.५ | बिल भरपाइ नपुगेको | २५६७३ |
| ४ | ०७९।०८० | ६६ | करारका कर्मचारीलाइ महँगी भत्ता | ३२००० |
| ५ | ०७९।०८० | ८९.४ | सामाजिक सुरक्षाको बाँकी रकम फिर्ता | ५५१३७७० |
| **चालु वर्षको जम्मा** | | | | **६०४१०५८** |
| **२०७८।०७९ (गत वर्षको)** | | | | |
| १ | ०७८।०७९ | १९ | अग्रिम करकट्टी नभएको | १२२४०० |
| २ | ०७८।०७९ | ३५ | भाडा भुक्तानीमा करकट्टी | १५५५२ |
| ३ | ०७८।०७९ | ४३.४ | दोहोरो पारिश्रमिक भुक्तानी | २७९०० |
| ४ | ०७८।०७९ | ४३.६ | बढी निकासा | ३७२४९ |
| ५ | ०७८।०७९ | ४६.३ | बढी भुक्तानी | २००० |
| ६ | ०७८।०७९ | ४६.४ | बढी भुक्तानी | २५३६५ |
| ७ | ०७८।०७९ | ४६.५ | बढी भुक्तानी | ११९१२ |
| ८ | ०७८।०७९ | ४६.६ | आय कर कट्टी नगरी भुक्तानी | १०२६६२ |
| ९ | ०७८।०७९ | ४६.७ | बढी भुक्तानी | ३५६५७ |
| १० | ०७८।०७९ | ४७.२ | कर कट्टी नगरेको | ७९८७ |
| ११ | ०७८।०७९ | ५०.३ | पारिश्रमिक र बहाल कर | ८३२८ |

| | | | | |
|---|---|---|---|---|
| १२ | ०७८।०७९ | ४८.१ | पारिश्रमिक र बहाल कर | १९६५० |
| १३ | ०७८।०७९ | ६५.५ | आय ठेक्कामा मुल्य अभिवृद्धि कर | ३७५१८०० |
| **गत वर्षको जम्मा** | | | | **४१६८४६२** |
| **२०७७।०७८ (गत विगत वर्षको)** | | | | |
| १ | ०७७।०७८ | २२ | राजश्व बाँडफाँट | ६६४१२८५६ |
| २ | ०७७।०७८ | ३२ | टुक्रा खरिद | २८४३९२६ |
| ३ | ०७७।०७८ | ३८ | सोझै खरिद | ३८८९२९१ |
| **गत विगत वर्षको जम्मा** | | | | **७३१४६०७३** |
| **कूल जम्मा** | | | | **८३३५५५९३** |

१

# परिचय

**(क) कार्यालय परिचय** :-स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा २४ वडा नगरसभासद संख्या १२४ रहेको छ भने क्षेत्रफल ३१४ वर्ग किलोमिटर तथा १२७३०७ जनसंख्या रहेको छ

**(ख) लेखापरीक्षणको उद्देश्य** :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१५ देखि २०८०।८।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणको क्रममा असुली** :- लेखापरीक्षणको क्रममा रु. २,७९,०२१ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

२ **स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम जीतपुर उपमहानगरपालिका, नगर कार्यपालिकाले पेश गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को समग्र सञ्चित कोषको म.ले.प.फा.नं २७२ को संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छः

| विवरण | यसवर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|
| | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्रासी (क+ख)** | २,१६,८५,३१,५८४.०० | १,३०,९५,८५,७५७.४५ | १,३०,९५,८५,७५७.४५ | १,५५,९७,५६,९७३.७३ | १,५५,९७,५६,९७३.७३ |
| **क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने)** | २,११,६५,३६,०००.०० | १,२३,७८,२०,५८२.३० | १,२३,७८,२०,५८२.३० | १,४७,३२,५२,८७३.८१ | १,४७,३२,५२,८७३.८१ |
| ११००० कर | ३७,४७,३०,५३०.०० | ३१,७७,८१,८१७.६९ | ३१,७७,८१,८१७.६९ | ३७,८५,८७,३५०.२२ | ३७,८५,८७,३५०.२२ |
| १३००० अनुदान | ९०,२८,१६,०००.०० | ८५,७३,८१,०००.०० | ८५,७३,८१,०००.०० | ९४,९९,८५,०००.०० | ९४,९९,८५,०००.०० |
| संघीय सरकार | ८५,८४,९१,०००.०० | ८३,५३,०६,०००.०० | ८३,५३,०६,०००.०० | ९०,६६,८०,०००.०० | ९०,६६,८०,०००.०० |
| प्रदेश सरकार | ३,५८,२५,०००.०० | २,२०,७५,०००.०० | २,२०,७५,०००.०० | ४,३३,०५,०००.०० | ४,३३,०५,०००.०० |
| अन्तरिक श्रोत | ८५,००,०००.०० | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | १६,३०,७६,९००.०० | ५,९३,६१,११४.६१ | ५,९३,६१,११४.६१ | १४,३७,९०,२२३.५९ | १४,३७,९०,२२३.५९ |
| १५००० विविध प्रासि | ३५,००,०००.०० | ३२,९६,६५०.०० | ३२,९६,६५०.०० | ८,९०,३००.०० | ८,९०,३००.०० |
| ३२००० वित्तीय सम्पत्ति | ६७,२४,१२,५७०.०० | ० | ० | ० | ० |
| ख. अन्य प्रासि | ५,१९,९५,५८४.०० | ७,१७,६५,१७५.१५ | ७,१७,६५,१७५.१५ | ८,६५,०४,०९९.९२ | ८,६५,०४,०९९.९२ |
| वितरण गर्न बाकी राजस्व | ० | ५,२८,०००.०० | ५,२८,०००.०० | ४,३५,०००.०० | ४,३५,०००.०० |
| कोषहरु | ५,१९,९५,५८४.०० | ५,१९,३२,९०८.५२ | ५,१९,३२,९०८.५२ | ७,६३,८९,७४७.८१ | ७,६३,८९,७४७.८१ |
| धरौटी | ० | १,९३,०४,२६६.६३ | १,९३,०४,२६६.६३ | ९६,७९,३५२.११ | ९६,७९,३५२.११ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | २,१६,८५,३१,५८४.०० | १,४४,४२,६१,७६८.८२ | १,४४,४२,६१,७६८.८२ | १,४७,२२,७५,६६७.६४ | १,४७,२२,७५,६६७.६४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | २,११,६५,३६,०००.०० | १,४१,९८,५३,५९१.०८ | १,४१,९८,५३,५९१.०८ | १,४४,४८,३१,८६१.६१ | १,४४,४८,३१,८६१.६१ |
| २१००० पारिश्रमिक / सुविधा | ४२,४७,४७,०००.०० | ४०,४३,३२,९७७.९८ | ४०,४३,३२,९७७.९८ | १३,६६,६९,५६६.६७ | १३,६६,६९,५६६.६७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ३७,०३,९९,४००.०० | २४,७८,८७,९४५.६२ | २४,७८,८७,९४५.६२ | २२,३६,८३,८३२.८९ | २२,३६,८३,८३२.८९ |
| २५००० सहायता (Subsidy) | १९,८०,६६,०००.०० | १५,५१,०७,५८४.३५ | १५,५१,०७,५८४.३५ | ३४,८९,८७,३३८.१३ | ३४,८९,८७,३३८.१३ |
| २६००० अनुदान | ० | ० | ० | ३,१२,०००.०० | ३,१२,०००.०० |
| २७००० सामाजिक सुरक्षा | ३,७५,५९,०००.०० | १,३७,९४,६९५.५० | १,३७,९४,६९५.५० | ३,३५,८४,२०८.०० | ३,३५,८४,२०८.०० |
| २८००० अन्य खर्च | २४,२८,५५,०००.०० | २१,१५,५७,०१९.०० | २१,१५,५७,०१९.०० | ३५,०१,१२५.०० | ३५,०१,१२५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ८४,२९,०९,६००.०० | ३८,७१,७३,३६८.६३ | ३८,७१,७३,३६८.६३ | ६९,८०,९३,७९०.९२ | ६९,८०,९३,७९०.९२ |
| ३३००० दायित्व | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | ५,१९,९५,५८४.०० | २,४४,०८,१७७.७४ | २,४४,०८,१७७.७४ | १,४७,२२,७५,६६७.६४ | १,४७,२२,७५,६६७.६४ |
| कोषहरु | ५,१९,९५,५८४.०० | ८५,७१,३१३.०० | ८५,७१,३१३.०० | २,१६,३२,५२७.०३ | २,१६,३२,५२७.०३ |
| धरौटी | ० | १,५९,८५,९१८.७४ | १,५९,८५,९१८.७४ | ५८,११,२७९.०० | ५८,११,२७९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (१,४९,०५४.००) | (१,४९,०५४.००) | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (१३,४६,७६,०११.३७) | (१३,४६,७६,०११.३७) | ८,७४,८१,३०६.०९ | ८,७४,८१,३०६.०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ७२,७७,६५,५७३.५४ | ७२,७७,६५,५७३.५४ | ६६,७३,५४,६६८.५४ | ६६,७३,५४,६६८.५४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ५९,३०,८९,५६२.१७ | ५९,३०,८९,५६२.१७ | ७५,४८,३५,९७४.६३ | ७५,४८,३५,९७४.६३ |
| बैंक तथा नगद बाकी | | ५९,५०,६१,६४३.१७ | ५९,५०,६१,६४३.१७ | ७४,३३,३९,६१२.७१ | ७४,३३,३९,६१२.७१ |
| | | | | | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली दुरुस्त रहेको छ भन्ने विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः ।

- आन्तरिक आय समयमा दाखिला नभएको ।
- इन्धनको लगबुक राखेकोमा जन प्रतिनिधिहरुले मासिक प्रयोग गरेको इन्धन कोटा भन्दा बढी भए नभएको स्पष्ट अभिलेख नराखेको ।
- कार्यक्रमको प्रगति तयार नगरेको
- तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्भावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५३ र यो बर्ष थप भएको ४६ गरी कुल ९९ विवाद दर्ता भएकोमा ५७ वटा मात्र फछ्र्यौट भई ४२ बाँकी देखिएकोले न्याय

सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्चप्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७८१८७५०० | ३५७३२८५० | ४५.७ |
| २ | पूर्वाधार विकास | ६९८८२६००० | ३१४२५५५९९ | ४४.९७ |
| ३ | सामाजिक विकास | ७२२२९१५०० | ५८४९०४६७६ | ८०.९८ |
| ४ | सुशासन तथा अन्तर सम्बन्ध | ४९३५१००० | २८७०३०५४ | ५८.१५ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ५६७८६४००० | ४५६२५६४०१ | ८०.३४ |
| **जम्मा** | | २११६५२०००० | १४१९८५२५८० | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८०.९८ % प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४५.७ प्रतिशत रहेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६

**बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क

हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको देखिएकोले बैक हिसाव मिलान विवरण तयार गरी श्रेस्ता र बैक बराबर देखाउनु पर्दछ ।

| क.सं | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी |
|---|---|---|---|
| १ | आन्तरीक राजस्व खाता | ११५१४३०४ | २२१३३०६९ |
| २ | राजस्व बांफाड खाता | ० | ८१७४५०३ |
| ३ | ग१. ३ आन्तरीक अनुदान खाता | ० | २१८४६२५० |
| ४ | चालु खर्च खाता | २१२१३४७२३ | २०१२८०६३१ |
| ५ | पुँजीगत खर्च खाता | २०१८१९४४८ | २१९१००७५३ |
| ६ | विविध खर्च खाता | ३४२९०८९७ | ३६७९०८९७ |
| ७ | स्थानिय धरौटी खाता | २७५७४११५ | ४११९०७७१ |
| ८ | स्थानीय तह सञ्चित कोष खाता | ९३४९९६६९ | २०९११३८४ |
| ९ | स्थानीय तह विविध कोष खाता | ७०२१३४४ | ४५२१३४४ |
| १० | स्थानिय तह विभाज्य कोष खाता | ५२८००० | १२४३२८९७ |
| ११ | स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता | ६६७९१४० | ६६७९१४० |
|  | जम्मा | ५९५०६१६४३ | ५९५०६१६४३ |

कार्यालयले पेश गरेको विवरण अनुसार श्रेस्ता अनुसार बाँकी रु ५९५०६१६४३ बैक अनुसार बांकी रु ५९५०६१६४३ देखिन्छ । समग्रमा हिसाव बराबर देखिए पनि खाता अनुसार नै बराबरको हिसाव मिलान तयार गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **औषधी खरीदः** पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिणाम यकिन गरी बार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति वयस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामान उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं. ,उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ बर्ष बाँकी हुनुपर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित विवरण खुलाउनुपर्दछ। यस बर्ष नगरपालिकाले संघीय सशर्त बजेट बाट मेडिगोल्ड ईन्टरनेशनलबाट रु.३०३७८०३/- र नगरस्तरीय बजेटबाट रु.६३०७२५३/- जम्मा गरी रु.९३४५०५६/- को औषधी खरीद गरेको छ। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन् भने औषधी प्रयोग र मौज्दात समेत यकिन भएन्। अतः पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरीदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८ **घटी जिम्मेवारी सारेको**-पालिकाले आफ्नो कारोवारको गत जिम्मेवारी भिडान हुने गरी सारेको हुनु पर्दछ।गत वर्षको म.ले प प्रतिवेदन अनुसार रु ७४३३३९६१२ जिम्मेवारी सार्नुपर्नेमा यो वर्ष म.ले.प २७२ सुत्रमा रु ६९८९१५५६७ संचितकोषमा मौज्दात सारेको देखिएकोले रु ४४४२४०४५ घटी सारेको छ ।घटी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाव मिलान गराउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१० **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिकाभित्र ९९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ, ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२ **समानीकरण अनुदानबाट शिक्षकको तलब** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक परीपत्र गरी समानीकरण अनुदानबाट शिक्षकको तलब भत्तामा खर्च गर्न नपाउने व्यवस्था गरेको छ । पालिकाले समानीकरण अनुदानबाट यस वर्ष पालिका भित्रका १९ विद्यालयहरुलाई शिक्षकको तलब भत्तामा रु १७२००००० अनुदान उपलब्ध गरएकोमा नियम संगत नदेखिएको रु.

| अनियमित भएको | १,७२,००,००० |
|---|---|

१३ **जिन्सीको निरीक्षण प्रतिवेदन कार्यान्वयनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को नियम ९४ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान तोकिएको अवधि भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। गत विगतको मौज्दात र यस बर्ष खरीद भएको सामग्रीको समेत कार्यालयमा कति मूल्यको सम्पत्ति रहेको

छ यकिन हुन सकेन । पालिकाले सबै जिन्सी सम्पत्तिको सम्पत्ति व्यवस्थापन प्रणालीमा स्पेशिफिकेसन खुलाई अभिलेख अधावधिक गरी प्रतिवेदन अनुसार जिन्सी सामग्री तोकिएको अवधीभित्र मर्मत तथा लिलाम गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्छ ।

सैद्धान्तिक बेरुजु

१४ **लागत सहभागिता '** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **उपभोक्ता समिति दर्ता '** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **फोहोर संकलन र व्यवस्थापनः-** उपमहानगरपालिकाले फोहोर संकलन र व्यवस्थापनको योजना बनाएको छैन । संकलनको लागि ल्याण्डफिल्ड साइटको व्यवस्था गरेको छैन । पालिका क्षेत्र भित्र संकलन हुने फोहोरको वर्गिकरण गरेको पाइएन । पालिकाले फोहोरमैला व्यवस्थापन तथा नगर सरसफाईमा रु. ८०,००,०००/- बजेट राखी विभिन्न संघ संस्थालाई तथा व्यक्तिलाई रु. ६६,९६,६१०/- भुक्तानी गरी फोहोरमैला व्यवस्थापन खर्च गरेको छ । पालिकाले फोहोरमैसला संकलन वापत फोहोर व्यवस्थापन शुल्क तथा राजस्व संकलन गरेको छैन । फोहोर संकलन तथा व्यवस्थापन योजना तयार गरी फोहर व्यवस्थापन शुल्क संकलन तथा संकलित फोहर प्रशोधन गरी व्यवस्थापन हुने खर्चलाई प्राप्त हुने रकमबाट आय व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **फोहरमैला व्यवस्थापन** — फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **योजना संशोधनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना वनाई कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । स्वीकृत योजनाको अनुगमन तथा मूल्यांकन समेत गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यपालिकाले ३९७ वटा योजना संशोधनको निर्णय गरेको छ ।

सैद्धान्तिक बेरुजु

१९ **रकमान्तरः** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाको बिनियोजन ऐन, २०७९ मा रकमान्तरको प्रावधान रहेको छैन । सभाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा (घटाउने रु. ६२,७९,८३,५९८ र बढाउने रु. ५१,२३,०८,५९८) कुल रू. ६२ करोड ७९ लाख ८३ हजार अर्थात् कुल बजेट रू. १ अर्ब ८९ करोड ५६ लाख ३४ हजारको ३३.१३ प्रतिशत रकमान्तर गरी खर्च गरेको देखिन्छ । अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **ठेक्का अभिलेखः**-सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख आंशिक रुपमा भरी राखेको पाइयो । अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **कन्टिनजेन्सी खर्चः-** यस उपमहानगरपालिकाले हरेक योजनामा न्युनतम २ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति खर्च भयो भन्ने यकिन हुन सकेन । कन्टिन्जेन्सीको समेत खाता नराखेको कारण कति खर्च गऱ्यो भन्ने कुराको यकिन हुन सक्ने आधार देखिएन । आयोजनागत खर्च स्पस्ट हुने गरी अभिलेख खाता राख्नुपर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाईयो । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२ **नापी एवं प्राविधिक मुल्याङ्गन वेगर भुक्तानी** — सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार निर्माण तथा जडान कार्यको भुक्तानी गर्दा विल भरपाइ सहित प्राविधक बाट कामको मुल्याङ्गकन गरी कामको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा पालिकाले देहायका कामको प्राविधिक मूल्याङ्कन वेगर रु. ९,१२,०१८ भुक्तानी गरेको देखिएकोले प्राविधिक मुल्याङ्गकन तथा जडान भएको पुष्टयाइ पेश गर्नु पर्ने देखिएको रु.

| भौ.नं. / मिति | विवरण | रकम |
|---|---|---|
| १४४३।०८०।२।३२ | वडा नं १८ क्यामरा जडान | २६०९०१ |
| १७७३०८०।३।१५ | दिव इलोक्ट्रनिक एण्ड सप्लायर्सबाट खरीद वडा नं ७ मा सडक बत्ती जडान | ६५१११७ |
| | जम्मा | ९,१२,०१८ |

***(प्रारम्भिक प्रतिवेदन प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयअनुसार जम्मा रु. ३४५,५१५।- सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१२,०१८ |

२३ **बितरणको भरपाई-** १००२।०७९।१२।१२ आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व सम्बन्धि नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाई चेक जांच गरी ठिक दुरुषत देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले इन्डो नेपाल एग्रो टेडर्स बार विल ११०।०७९।११।२५ बाट खरीद २३१० किलो दर ६५ धानको वीउ रु १५०१५० मालसमान सम्बन्धितलाइ बुझाएको भरपाइ पेश नभएकोले बुझाएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,१५० |

२४ **कार्यक्रम संशोधन गरी खर्च —** ६४२।०७९।१०।२९ पालिकाको नगरसभाबाट पारीत बजेट नगरसभाले नै संशोधन गर्न सक्ने व्यवस्था छ ।विशेष कारण वस सभा बस्न नसक्ने भए कार्यपालिकले २५ प्रतिशत बजेट संशोधन गर्न सक्ने व्यवस्था छ ।वडा नं११ मा वीउ विजन वितरणकोलागि भनि नगर सभाले रु १० लाग बजेट पास गरेकोमा वडा अध्यक्षबाट कार्यक्रम संशोधन गरी तरकारी खेति तालिम स्प्रे ट्याकी वितरण गर्ने कार्यक्म बनाइ पालिकाको प्रमुख प्रशासकिय अधिकृतबाट समर्थन गराइ प्रस्ताव आवहान गरी कंकाली तालिम सेन्टरलाइ ११० जनालाइ तालिम गराइ रु ४९६८४७ भुक्तानी गरेको देखियो ।सभवबाट स्वीकृत बजेट कार्यपालिकाबाट संशोधन गर्नुपर्नेमा वडा अध्यक्षको सिफारीसमा प्रमुख प्रशासकिय अधिकृतबाट संशोधन गरी खर्च गरेको नियम संगत भएको नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९६,८४७ |

२५ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ३८७१७३३०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली बनाइ लागु गरेको छैन । उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।३२ मा रु २ अर्व २० करोड ६४ लाख ९५०००को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।३२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।सातौ नगर सभाले बजेटलाइ संशोधन गरी २११६५३६००० कायम गरेको देखिएकोले बजेट अनुमान

यथार्थ परक हुने गरी तयार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२७ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ३७४८८६३७३ र एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रमको रु ५०९५७००० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार २४ वडाको लागि वडागत ३८२ र पालिकास्तरका २४० कुल ६२२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २४० | ७३ | १४५ | २२ |
| २. | वडास्तरीय | ३८२ | १५ | १५५ | २१२ |

| | जम्मा | ६२२ | ८८ | ३०० | २३४ |
|---|---|---|---|---|---|

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरण मुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भइ लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

सैद्धान्तिक बेरुजु

२९ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय अनुमान रु. १३७०१८८४३० गरेकोमा वास्तविक आय रु. ११३१७८७५९ भएको छ । आय अनुमानको तुलनामा बास्तविक आय ८.२६ % देखिएकोले अनुमान यथार्थ परक भएन । २०७९/८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| **केन्द्रिय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| १४१९८५३५९१ | ११३१७८७५९ | ७.९७% |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.९७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्द आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३० **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट चालुतर्फ कर्मचारीको रु ४०१८३२९७७ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३१ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व सम्बन्धि नियमावली, २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाई चेक जाँच गरी ठिक दुरुस्त देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले वडा नं ११ वडा कप फुटवल प्रतियोगिता आयोजक समितिलाइ रु ४०००००।— रकम दिने सम्झौता गरी भुक्तानी दिंदा रु ७२१९२०।- भुक्तानी गरी रु ३२१९२० बढी भुक्तानी गरेको देखियो ।सो मध्ये अग्रीम कर रु ५४१८ कट्टा गरेकोले खुद बढी भुक्तानी रु ३१६५०२ भएको देखिएकोले असुली दाखिला गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३,१६,५०२ |

३२ **बितरणमुखी कार्यक्रम** -स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाकव सम्भाव्यताको आधारमा श्रोत साधनको पुर्वअनुमान , योजनाको प्राथमिकरण,योजनाको कार्यान्वयनको कार्यतालिका र अनुगमन मुल्याङ्कन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ ।तर पालिकाले उल्लेखित व्यवस्था अनुरुपको योजना तयार नगरी निम्न अनुसार अनुउत्पादक तथा वितरणमुखी कार्यक्रममा खर्च गरेको देखियो । यसरी पटके निर्णयको आधारमा खास प्रतिफल नहुने कार्यक्रम खर्च गर्ने प्रवृतिमा सुधार हुनु पर्दछ । केही उदाहरणहरु निम्न छन ।

| भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| ९२१।०७९।११।२९ | मेला व्यवस्थापन भनि बजरंग युवा क्लवलाइ भुक्तानी | १६८३८० |
| ९४९।०७९।१२।२ | वडा नं ९ जेष्ठ नागरीक सम्मान १८० थान कमवल वितरण | १९८७२० |
| ९७८।०७९।१२।७ | वडा नं १९ कृकेट क्लवलाइ भुक्तानी | ९६०७८ |
| ९९१।०७९।१२।९ | वडा नं १० जेष्ठ नागरीक सम्मान २५० थान कमबल वितरण | ४९७२०० |
| १०६७।०७९।१२।१७ | वडा नं ५ खेलकुद सामग्री वितरण | २९९६१७ |

| | | |
|---|---|---|
| १०६३।०७९।१२।७ | वडा नं ५ र ७ खेलकुद सामग्री वितरण | १३९५३० |
| ११४९।०८०।१।३ | वडा नं २ खेलकुद कार्यक्रम भुक्तानी | ३०५००० |
| १६८३।०८०।३।११ | वडा नं २ खेलकुद प्रतियोगिता संचालन | ६८३२८८ |
| १८१०।०८०।३।१७ | बडा नं ५ बकुलिया गोल्डकप संचालन अनुदान | ९००००० |
| | जम्मा | ३०८८०९३ |

सैद्धान्तिक बेरुजु

३३ **कार्यक्रम संचालन नगरेको**-पालिकाले संघ र प्रदेशबाट उपलब्ध गराएको कार्यक्रम र बजेट निकासा लिइ कार्यक्रम संचालन गरी प्रगति हासिल गर्नु पर्दछ । पालिकाले मधेश प्रदेश सरकारले अख्तियारी प्रदान गरेको शसर्त अनुदानको रु २५०००००।-विशेष अनुदानको रु ७५०००००।-समपुरक अनुदानको रु ५००००००।-निकासा लिइ तोकिएको कार्यक्रम संचालन गरेको देखिएन । विनियोजित बजेट र कार्यक्रम संचालन गरी विकास निर्माण गरी जनताको जीवन स्तर बृद्धि गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३४ **इन्धन खर्चः**- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष ईन्धन (कार्यालय प्रयोजन) मा पेट्रो आयल स्टोरलाई रु.९२,७०,४५६/- र श्री बाबा आयल ट्रेड्सलाई रु.२७,१९,८५९/- जम्मा गरी रु.१,१९,९०,३१५/- भुक्तानी गरी खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन् भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खल्ने अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लगबुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **अनुदान फिर्ता** — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको देखिएको छ ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ७६२६०१००० | ७०३८८१८९२ | ५८७१९१०८ |
| | विषेश | १६६००००० | १०८६४०७९ | ५७३५९२१ |
| | समपुरक | ० | ० | ० |
| | अन्य | ० | ० | ० |
| **प्रदेश सरकार** | शसर्त | १२५०००० | | १२५०००० |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ० | ० | ० |
| | **जम्मा** | **७८०४५१०००** | **७१४७४५९७१** | **६५७०५०२९** |

पालिकाले माथि उल्लेखित तालिका अनुसार संघिय ,प्रदेश अनुदान रु ६५७०५०२९ मिति

२०८०।४।२२ मा फिर्ता गरेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| बांफाड भइ प्राप्त हने मुल्य अभिबृद्धिकर | १६७०६३७०० | ० | ० |
| बांफाड भइ प्राप्त हने अन्तशुल्क | ४५०००००० | ० | ० |
| पुर्वाधार उपयोगमा लाग्ने कर | ६८९६७३० | २७६७७२२ | ४०.३ |
| सवारी साधन कर | १५०००००० | ० | ० |
| बांफाड भइ प्राप्त हने दहतर बहतर | १२८८५७००० | ० | ० |
| अन्य राजस्व | १००००० | ५८७९० | ५८.७९ |
| जम्मा | ३६२९१७४३० | २८२६५१२ | ४९.५४ |

माथि उल्लेखित अनुमान र असुली भएको विवरण हेर्दा राजस्वको अनुमान यथार्थ परक देखिएन ।राजस्वको अनुमान यथार्थ परक हुने गरी तयार गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **लेखापरीक्षण** - यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना

२०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयधेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्णआर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

सैद्धान्तिक बेरुजु

३८ **दरबन्दी तथा पदपुर्ति** — पालिकाको लागि संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट २०७५ सालमा स्वीकृत भएको दरबन्दी संरचना अनुसार विभिन्न पदमा ४०३ जनाको दरबन्दी रहेकोमा ३३६ पदपुर्ति भएको र १२१ जना रिक्त देखिएको र दरबन्दी भन्दा बढी १९ विभन्न पदका रहेको देखिएकोले सम्बन्धित निकायबाट रिक्त पदपुर्ति गराई दरबन्दी भन्दा बढी कर्मचारीलाई अन्य नियकायमा रिक्त स्थानमा पदस्थापन गरी जनशक्तिको व्यवस्थापन गराउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३९ **स्वकीय सचिव र सल्लाहकारः** मधेश प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले सचिवालय कर्मचारी भनि उप मेयरको पिए श्री राजकुमार न्यौपानेलाई मासिक ../-दरले बार्षिक रु ४२९७१० भुक्तानी गरेको र कानूनी सल्लाहार भनि श्री दामोदर पौडेललाइ बार्षिक रु ३२२७२५ गरी जम्मा रु ७५२४३५ खर्च गरेको नियमित नदेखिएको रु.

| नाम | रकम रु. |
|---|---|
| राजकुमार न्यौपाने | ४२९७१० |
| दामोदर पौडेल | ३२२७२५ |
| जम्मा | ७५२४३५ |

| | |
|---|---|
| अनियमित भएको | ७,५२,४३५ |

४० (१०८७/२०७९-१२-१२):

**भ्रमण आदेश स्वीकृत बेगर भुक्तानी** - दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३ मा भ्रमण आदेश वा निर्णय वेगर भ्रमण खर्च गर्न नहुने व्यवस्था छ । सोही नियमावलीको नियम १४ मा विदेश भ्रमण गर्दा नेपाल सरकारको स्वीकृती हुनु पर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका भ्रमण भत्ता भुक्तानी गरेकोमा भ्रमण आदेश स्वीकत नगरी रु ४१०००० खर्च गरेको देखिएकोले अनियमित भएको रु.

| भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| १०८७।०७९।१२।१२ | वडा नं २२ का वडा अध्यक्ष श्री शेखरकाजी रुम्बा समेत जना ६ मिति २०७९।१२।२३ देखि २०७९।१२।२७ सम्म पुर्वि नेपालका जिल्ला र भारतको सिक्किम | १८०००० |
| १११०।०७९।१२।२१ | वडा नं ९ का वडा अध्यक्ष श्री मोतीलाल राउत यादव समेत जना ६ अन्तर पालिका | २३०००० |
| | **जम्मा** | ४१०००० |

| | |
|---|---|
| अनियमित भएको | ४,१०,००० |

४१ **राजश्वमा ढिला अवधिको जरिवानाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद रकम सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० प्रतिशत जरीवाना गरी दाखिला गर्न लगाउने तथा कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व. २०७९।०८० मा प्राप्त गरेको राजश्व हालसम्म दाखिला नगरेको हुँदा उक्त ढिला अवधिले हुने जरिवाना सहित असुल गर्नुपर्ने देखिएको रु.

| क.स. | कर संकलकको नाम | वडा नं. | दाखिला गर्न बाँकी रकम | जरिवाना १० प्रतिशत | दाखिला गर्नुपर्ने जम्मा रकम रु. |
|---|---|---|---|---|---|
| १ | अनिल वि.क. | ३ | १४४६८० | १४४६८ | १५९१४८ |
| २ | हेमराज कार्की | ५ | ७३७ | ७३.७ | ८१०.७ |
| ३ | दिपा चौलागाइ | २२ | ३१४ | ३१.४ | ३४५.४ |
| | | | | जम्मा | १६०३०४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६०,३०४.१ |

४२ **आन्तरिक आयतर्फ**

**शुल्क निर्धारणः** जीतपुरसिमरा उपमहानगरपालिका आर्थिक ऐन, २०७९ को दफा १० अनुसुची १० अनुसार शुल्क निर्धारण गरी अमानतबाट पशु हाट बजारबाट राजस्व संकलन गरिएको छ । आर्थिक बर्ष २०७९।०८० मा पशु हाट बजारमा ठेक्काबाट रु. १०,९०,००० र २ जना संकलन कर्ताबाट रसिद नं. १-१०० बाट रु ७३७५० गरी जम्मा रु ११६३७५० संकलन भएको छ । आयको मुख्य स्रोत रहेको पशु हाट बजार पूर्ण रुपमा ठेक्कामा लगाई राजस्व संकलन गर्ने तर्फ उपमहानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

**सहायक सडक मर्मत तथा सडक उपयोग शुल्क पटके सवारी करः** जीतपुरसिमरा उपमहानगरपालिकाको मिति २०७९।०९।२२ को छैठौं नगर कार्यपालिकाको बैठकको निर्णयअनुसार नगर क्षेत्रभित्रका सम्पूर्ण सहायक सडकमा आर्थिक ऐन २०७९ को अनुसूची ११ बमोजिम अमानतबाट ४ जना संकलनकर्ताले रु. ३०५५१५ र ठेक्काबाट रु. २४४९५५७ गरी जम्मा रु. २७५५०७२ संकलन भएको छ । आयको मुख्य स्रोत रहेको सहायक सडक मर्मत तथा सडक उपयोग शुल्क पटके सवारी कर अमानतबाट नगरी पूर्ण रुपमा ठेक्कामा लगाई राजस्व संकलन गर्ने तर्फ उपमहानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

**जडिबुटी, कवाडी, जीवजन्तु करः** जीतपुरसिमरा उपमहानगरपालिका आर्थिक ऐन, २०७९ को दफा ६ अनुसुची ६ अनुसार शुल्क निर्धारण गरी अमानतबाट जडिबुटी, कवाडी, जीवजन्तु करबाट राजस्व संकलन

गरिएको छ । ५ जना संकलन कर्ताबाट आर्थिक बर्ष २०७९।०८० मा जडिबुटी, कवाडी, जीवजन्तु कर बाट रु.६४००९०.०० र ठेक्काबाट रु. २५६००७७७ गरी जम्मा रु. २६२४०८६७ संकलन भएको विवरण प्राप्त भएको छ । आयको मुख्य स्रोत रहेको जडिबुटी, कवाडी, जीवजन्तु करलाई पूर्ण रुपमा ठेक्कामा लगाई राजस्व संकलन गर्ने तर्फ उपमहानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

**प्राकृतिक स्रोत साधनको छोटपुर्जीः** जीतपुरसिमरा उप-महानगरपालिकाको मिति २०७९।१०।१२ को आठौं नगर कार्यपालिकाको बैठकको निर्णयअनुसार ढुङ्गा, गिटी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७७ को दफा १६ मा व्यवस्था भएबमोजिम पालिकाको आन्तरिक आय गुम्न नदिन मधेश प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको विधेयक २०७९।०८० को दफा ७ तथा अनुसुची ५ मा निर्धारण गरीएको दहत्तर बहत्तर शुल्कको अधिकतम दरलाइ आधार मानि नगदी रसिद।छोटपुर्जी जारी गरी निजी जग्गामा उत्खनन गर्दा निस्कने ढुङ्गा गिटी बालुवा तथा माटोको कर ५ जना संकलनकर्ता बाट रु. १५५९४० संकलन भएको विवरण प्राप्त भएको छ । पालिकाले आन्तरिक आयमा दर बढाउनेतर्फ भन्दा यसैगरी आयको दायरा बढाउनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४३ **नन्फाइलर** — मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ८,९४,३८५.१६ समेत रु. ७७,७४,२६२ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ति फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो । अतः उक्त कारोवार रकमको कर समायोजनको प्रमाणपत्र पेश हुनुपर्ने रु.

| भौ.नं. र मिति | आपूर्तकको नाम | प्यान नम्वर | भुक्तानी रु. | मू.अ.कर रु. | नन्फाइलर रहेको विवरण |
|---|---|---|---|---|---|
| न.पा.पूँजीगत | | | | | |
| २९८।०८०।१।१३ | सम्राट निर्माण सेवा | ६१२८१४७४९ | १९,०३,८५६ | २,१९,०२८ | २०७९।MI१२ |
| ६४।०७९।९।१४ | थापा विल्डर्स | ६०७४३४१८९ | ९,७१,८४२ | १,११,८०४.८३ | २०७८।०७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६७।०७९।९।१४ | भुपेन्द्र कन्स्ट्रक्सन | ३०१७५४४१५ | ८,४९,५७३ | ९७,७३८.४९ | २०८०।MI १ |
| ३२९।०८०।१।२०| सिरु कन्स्ट्रक्सन | ३०२०७५२०७ | १४,०९,६९१ | १,६२,१७६.८४ | २०८०।T।१ |
| शसर्त पूँजीगत | | | | | |
| ७।०७९।८।२२ | नेपाल फुलवारी स्वर्णिम।अंशुमन जे.भी. | ६०९३३६३१३ | २६,३९,३०० | ३,०३,६३७ | २०७६ देखि २०७९ सम्म |
| जम्मा | | | ७७,७४,२६२ | ८,९४,३८५.१६ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९४,३८५.१६ |

४४ (१८-२०७९-७-५):

**पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण कार्य संझौताको म्यादभित्र सम्पन्न गर्न नसकेमा सम्झौता रकमको दैनिक ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यावस्था छ । पालिकाले निम्नानुसार निर्माण व्यावसायीको तोकिएको समयमा कार्य सम्पन्न नभएको र म्याद थप समेत नभएको हुँदा निजहरुसँग सो बमोजिम हर्जाना असुल गरी कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ । तसर्थ, निम्नानुसार कार्यहरु सम्पन्न गरी सोको सम्पन्न हुने दिनसम्मको रु. १३,१२,१८० पूर्व निर्धारित क्षतिपूर्ति लिई समयमा कार्य सम्पन्न गर्नुपर्ने रु.

| ठेक्का विवरण | विवरण | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | ढिला अवधी | क्षतिपूर्ति रकम रु. |
|---|---|---|---|---|---|
| ८।०७८।७९ | सहजनाथ मन्दिर निर्माण (सम्झौता रु.७१,९०,०२६.५६) | २०७९।३।१४ | २०७९।९।१४ | १ वर्ष | १३,१२,१८० |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १३,१२,१८० |

४५ **अधुरा आयोजना –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहायअनुसार रु. १,४७,८४,१०१.५३ को योजना कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरोरहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन्। यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप | कामको प्रगति |
|---|---|---|---|---|
| श्री ए. वि. सि. कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.लि. | १,४७,८४,१०१.५३ | २०७९।३।१४ | २०८० साल पौषसम्म | ५ प्रतिशत भौतिक रुपमा |
| | | | सैद्धान्तिक बेरुजु | |

४६ **भेरिएसन स्वीकृत नगरी भुक्तानीः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । देहाय बमोजिमको कार्यालयले भेरिएसन आदेश जारी नगरी निम्न आइटममा सम्झौता BOQ मा उल्लेख भएको भन्दा बढी भुक्तानी दिएको रु. ४,७३,१२८.०६ नियमित नदेखिएको रु.

| **भौ.नं.** | **आइटम विवरण** | **सम्झौता परिमाण** | **ईकाइ** | **भुक्तानी परिमाण** | **बढी भुक्तानी** | **दर** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| ६४।०७९।९।१४ | सडक कालोपत्रे (थापा विल्डर्स) | १४५१.४५ | घ. मि. | १५७१ | ११९.५५ | २०० | २३,९१० | सब ग्रेडको काम |
| | | ० | घ. मि. | ३२.६२ | ३२.६२ | ९९९० | ३,२५,८७३.८ | पि.सि.सि. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ० | वर्ग मि. | १४०.६४ | १४०.६४ | ४९० | ६८,९१३.६ | फर्म वर्क |
| **जम्मा** | | | | | | | ४,१८,६९७.४ | |
| **मू. अ. कर** | | | | | | | ५४,४३०.६६ | |
| **कूल जम्मा** | | | | | | | ४,७३,१२८.०६ | |

| | | |
|---|---|---|
| | अनियमित भएको | ४,७३,१२८.०६ |

४७ **ल्याब टेष्टको बील पेश नभएको**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्णको जोखिम वहन गर्ने गरी बीमा तथा ल्याब टेष्ट गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुको ल्याब टेष्ट गरेको भुक्तानी भएको रु. २७,१५२.६३ देखिएकोमा उक्त कार्यको ल्याब टेष्टको भ्याट सहितको बील पेश नभएको असूल हुनुपर्ने रु.

| **भौ. नं.र मिति** | **निर्माण व्यवसायी** | **ल्याब टेष्टको बील** | **रकम रु. (भ्याट सहित)** |
|---|---|---|---|
| ८५०।०८०।३।२४ | प्रतिक्षा निर्माण सेवा | ११,९६३.१८ | १३,५१८.३९ |
| ८५१।०८०।३।२४ | प्रतिक्षा निर्माण सेवा | १२,०६५.७० | १३,६३४.२४ |
| जम्मा | | | २७,१५२.६३ |
| | | असुल गर्नुपर्ने | २७,१५२.६३ |

४८ **जिन्सी दाखिला नभएको**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ (१)

बमोजिम प्रत्येक कारोवारको लेखा राख्दा स्पष्ट विवरण देखिने गरी खर्च सहित लेखा राखु पर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिमको खर्च लेख्दा पाम्समा दाखिला सहितको विवरण राखेको पाइएन । अतः उक्त सामाग्रीको स्पष्ट स्पेशिफिकेशन सहितको रु. १,०३,७४,०१९ को पाम्समा दाखिला भएको विवरण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| क्र.सं. | भौ.नं.र मिति | विवरण | रकम रु. |
|---|---|---|---|
| न.पा.पूँजीगत | | | |
| १ | १३७।०७९।११।४ | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि. (सडक सिचाई खानेपानी व्यापारिक क्षेत्रको डि.पि.आर. तयार गर्ने) | ४,८३,०७५ |
| २ | ३५३।०८०।१।२५ | ब्राइट फ्युचर कन्सल्टयान्ट प्रा.लि. (सगरदिन सिचाई परियोजनाको डि.पि.आर.) | ४,८३,६४० |
| ३ | ३५५।०८०।१।२५ | मेन स्ट्रिम कन्सल्टेन्ट एण्ड कम्पनी प्रा.लि. (रोड सम्बन्धीको डि.पी.आर.) | १८,९०,७७७ |
| ४ | ३६९।०८०।१।२९ | राज इन्टरप्राइजेज (न्यायिक समिति कार्यकक्ष निर्माणको सामाग्रीहरु) | २,०४,८१२ |

| | | | |
|---|---|---|---|
| ५ | ७४७।०८०।३।२२ | एलिसा इन्जिनियरिङ्ग वर्कस एण्ड कन्सल्टेन्सी सर्भिसेज प्रा.लि. (थानीमाई पार्कको विस्तृत योजनाप्रतिवेदन तयार) | १७,५९,४१० |
| ६ | ७६७।०८०।३।२२ | ल्याटिस डिजाइनर्स एण्ड डेभ्लपर्स प्रा.लि. (सिद्धबाबा मन्दिर तथा गौशालाको विस्तृत योजना प्रतिवेदन तयार) | १७,४९,२९० |
| ७ | ७७६।०८०।३।२२ | गौमुखी इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. (सिमरा रंगशालाको विस्तृत योजना प्रतिवेदन तयार ) | ९,५२,०२५ |
| ८ | ७७८।०८०।३।२२ | शान्ता कन्सल्टेन्ट प्रा.लि. (वडा नं.१० र १२ स्थित फत्तेपुर बजार तथा नितनपुर बजारको विस्तृत योजना प्रतिवेदन तयार) | १८,९०,४९० |
| शसर्त पूँजीगत | | | |
| १ | ३८।०८०।३।२४ | भगत इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड विल्डर्स प्रा.लि. | ४,८०,२५० |

| | | | |
|---|---|---|---|
| | | (भंडोरी सेर खोलाको झोलुङ्गे पुलको डि.पि.आर. तयारी) | |
| २ | ४०।०८०।३।२४ | रोहन इन्जिनियरिङ्ग एण्ड विल्डर्स (उपमहानगरपालिका भित्रको मूल खोलाको झोलुङ्गे पुलको डि.पि.आर. कार्यको तयारी) | ४,८०,२५० |
| जम्मा | | | १,०३,७४,०१९ |
| | | प्रमाण पेश नगरेको | १,०३,७४,०१९ |

४९ **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार कार्यको लागि नापी किताव लगायत प्राविधिक कार्य सम्पन्न प्रतिवेदन तयार नभएको तथा प्रमाणित फोटो नभएको सो वापत खर्च लेखेको रु. १,०७,६५,१३४ को रकम पुष्टि हुने आधार पेश नभएकोले सो कार्यको प्राविधिक मुल्यांकन पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौ.नं.र मिति | कार्य | जम्मा रकम रु. | व्यहोरा |
|---|---|---|---|
| १७१।०७९।१२।६ | वडा नं. १५ मा पोलबत्ती जडान | ३,९९,५११ | ८० पीस पोलबत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| १७३।०७९।१२।६ | वडा नं. ८ मा पोलबत्ती जडान | २,४९,९३३ | पोलबत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न |

| | | | |
|---|---|---|---|
| | | | पेश भएको पाइएन । |
| २२८।०७९।१२।२२ | वडा नं. १० मा भेपर लाइट तथा विद्युतीकरण | ४,९१,१२१ | भेपर लाइट तथा विद्युतीकरण कार्यको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन। |
| २४६।०७९।१२।२६ | वडा भरी सडक बत्ती जडान | ९,९८,०७४ | सडक बत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| २६३।०८०।१।५ | वडा भरी सडक बत्ती जडान | ५,००,००० | सडक बत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| २६४।०८०।१।५ | वडा नं. २० मा सडक बत्ती जडान | ९,८९,५२२ | सडक बत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| २९४।०८०।१।१२ | वडा नं. २४ मा सडक बत्ती जडान | ६,४९,८६३ | सडक बत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| ३११।०८०।१।१४ | वडा नं. ६ मा सडक बत्ती जडान | ४,९५,५६३ | सडक बत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| ३१४।०८०।१।१४ | वडा भरी पोलबत्ती जडान | ४,९९,२७२ | पोलबत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| ३२५।०८०।१।२० | मा.वि.विद्यालयमा ई | ९,९७,८२३ | ई हाजिरी जडान भएको प्राविधिक कार्य सम्पन्न |

| | | | |
|---|---|---|---|
| | हाजिरी जडान | | पेश भएको पाइएन । |
| ४२७।०८०।२।१६ | वडा नं. ४ मा पोल बत्ती जडान | ४,९६,८६० | पोलबत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| ४८७।०८०।२।२५ | सि.सि.क्यामरा जडान | २,१७,६६६ | सि.सि. क्यामरा जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| ५२३।०८०।२।३२ | सि.सि.क्यामरा जडान | १,९९,७०० | सि. सि. क्यामरा जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| ६७९।०८०।३।१९ | रामनगरमा तरकारी नर्सरीको लागि टनेल निर्माण | ४,९७,२१६ | नर्सरीको लागि टनेल निर्माण भएको कृषि प्राविधिकको प्रतिवेदन पेश भएको पाइएन । |
| ७४१।०८०।३।२१ | ह्युमपाइप खरिद र व्यवस्थापन वडा नं. १५ | ४,७३,७६० | ह्युम पाइप जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| ७९४।०८०।३।२३ | चापाकल खरिद तथा जडान | २,९८,८९२ | २२ सेट चापाकल जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| ८५०।०८०।३।२४ | वडा नं. १४ जोरलाही स्याली हुँदै अमाडार | १२,७८,५०१ | सडक कालोपत्रे भएको प्राविधिक कार्य सम्पन्न |

| | | | |
|---|---|---|---|
| | सडकमा कालोपत्रे | | पेश भएको पाइएन । |
| ८५१।०८०।३।२४ | रिङ्गरोड सडकमा कालोपत्रे गर्ने कार्य वडा नं. १५ | १०,३१,८५७ | सडक कालोपत्रे भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| जम्मा | | १,०७,६५,१३४ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०७,६५,१३४ |

५० **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको कार्य सम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अविधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको रु. २,०२,७४० को कार्य सम्पादन जमानत पेश गर्नुपर्ने रु.

| ठे.नं. | योजना को नाम | फर्म | कार्य सम्पादन जमानत को विवरण | अवधि भएको | हुनुपर्ने अवधि | रकम |
|---|---|---|---|---|---|---|
| ४।०७९।०८० | सर्जिकल औषधि खरिद | मेडिगोल्ड इन्टरनेशनल प्रा.लि. | १ महिना घटिको पेश | २०८१।३।१८ | २०८१।४।१८ | २,०२,७४० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०२,७४० |

५१ **उपभोक्ता समितिले बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३ (क) (बाहौं शंसोधन) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु. २० लाख भन्दा माथिको काम

गराउँदा अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट रु. २० लाख भन्दा माथिको गरेपनि अनिवार्य बीमा गरेको पाइएन । अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ ।

| क.सं. | कामको विवरण | लागत अनुमान रु. | भुक्तानी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री थानी देवी चकरी खानेपानी तथा सरसफाई उ.स. २२ | १,५१,६१,०४९.८३ | ३४,४८,६४३ | |
| २ | वडा नं. ७ बकुलिया सडक ढलान उपभोक्ता समिति | ५५,००,००० | ४०,४३,२७१ | |
| ३ | वडा कार्यालय भवन निर्माण उ.स.१५ | ३८,५०,००० | २६,६९,९६२ | |
| ४ | वडा कार्यालय भवन निर्माण उ.स.वडा नं. १४ | ३३,००,०७३.४८ | ३१,१२,२६१ | |
| ५ | बाटो ढलान तथा नाला निर्माण उ.स.वडा नं. ५ | ५५,०१,७३७.८८ | २९,५९,७५२.२५ | |
| ६ | भवानीपुर कृषि बाटो ग्राभेल उ.स. | २२,००,३९५.६७ | १९,८१,३७८ | |
| ७ | श्री कतर्वा बाटो ढलान उ.स. | ३३,३३,३३३.३३ | २९,५२,५१७ | |
| ८ | सृजनाटोल नाला निर्माण तथा बाटो ढलान उ.स. | २०,००,००० | १७,९५,२७७ | |
| ९ | गुम्बा टोल ढलान तथा | २०,००,००० | १७,८९,६८५ | |

| | | | | |
|---|---|---|---|---|
| | नाला निर्माण उ.स. २१ | | | |
| १० | श्री नेपाल मा. वि. व्यापारिक सटर निर्माण उ.स. २१ | २२,२२,२२२.२२ | १९,८२,७१८ | |
| ११ | पक्की नाला निर्माण उ.स. ७ | ३८,८८,८८८.८८ | २६,७६,०६४ | |
| १२ | बाटो ढलान उ.स. १४ | २७,७७,७७७.७८ | २४,९६,४६८ | |
| १३ | राज महमदको घरदेखि लाल महम्मदको धारासम्म बाटो ढलान उ.स. २३ | २२,२२,२२२.२२ | १७,२९,५४७ | |
| १४ | रामनगर बाटो निर्माण उ.स. १७ | २९,१५,००० | २५,६२,०४८ | |
| १५ | बाटो ढलान तथा नाला निर्माण उ.स. ५ | २१,००,०८२.२१ | १७,५३,९३० | |
| १६ | श्री जीवन डाँडा बाटो स्ल्याप उ.स. २२ | ५५,५५,५५५.५५ | ४९,९२,४४५ | |
| १७ | कृषि बाटो निर्माण उ.स. १७ | २७,७८,८७०.३६ | २१,२६,३१५ | |
| १८ | बाउनी खोला कल्भर्ट निर्माण उ.स. | २५,५५,५५५.५५ | १८,०८,४१७ | |

| | | | | |
|---|---|---|---|---|
| १९ | सेउली चौकदेखि बेहरी जाने बाटो ढलान | ५०,००,००० | ४३,०२,३६५ | |
| २० | स्कूल रोड विकास उ.स. १४ | ३५,७१,४२८.५७ | २८,८०,१९८ | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२ **आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरु** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै नै बेरुजु फर्छ्यौट गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम निम्नानुसार बेरुजु हालसम्म फर्छ्यौट नभएकोले नियमावलीको व्यवस्था बमोजिम बेरुजु फर्छ्यौट गर्नुपर्दछ ।

५२.१ **बिल भरपाई तथा जिन्सी दाखिला समेत नभएको:-** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्त्व निमावली, २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद् रुपमा राख्नु पर्दछ। तपसिल बमोजिमको भुक्तानीमा निम्नानुसारको बिल भरपाई नरहेको रु. ४०,३०,५६६ को कागजात राखी नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४०,३०,५६६ |

**(विस्तृत विवरण बेरूजु दफा ५२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५२.२ **दोहोरो बैठक भत्ता भुक्तानी:-**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२१ को निर्णयबाट रु.१,२४,१०० सम्परीक्षण गरिएको ।)***

५२.३ **दोहोरो भुक्तानी:-** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण आरम्भ गरेपछि सम्वन्धित कार्यालयले अनुसुची ५ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले जीतपुरसिमरा चालु भौ.नं. २८, २५२, ३८५, ६१७ बाट गरिएको भ्रमण भुक्तानीमा हवाई टिकट समावेश रहेको र उक्त टिकट खर्च भौ.नं. २२८, ३३०, ४६३, ५४४ बाट पनि सिमरा टुर्स एण्ड ट्राभल्स प्रा.लि.लाई समेत भुक्तानी दिइएकोले चेतकुमार पोखरेलको दोहोरो

भुक्तानी रु. ३४,१०४ असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,१०४ |

५२.४ **कर दाखिलाः**- आयकर ऐन, २०५८ को नियम ८७, ८८ र ८९ अनुसार नेपालमा श्रोत भएको पारिश्रमिक आय भाडा तथा अन्य भुक्तानीमा अग्रिम रुपमा तोकिए बमोजिमका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिमको गो.भौ.मा निम्न बमोजिमको कर कम रु.२८,८७७.६ दाखिला गरेको हुनाले दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,८७७.६ |

**(विस्तृत विवरण बेरूजु दफा ५२.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५२.५ (६२-):**असूल गर्नुपर्नेः**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु. २५,६७३ सम्परीक्षण गरिएको ।)***

५२.६ (३६६-): **असूल गर्नुपर्नेः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण राखु पर्नेमा संलग्न भौचरबाट मकै प्रवर्द्धन कार्यक्रम अन्तर्गत श्री राधिका भारतीलाई रु. १,२०,०००/- पेश्की फर्छ्यौट गरिएकोमा बिल भरपाई मात्र रु. ५४,०७०/- को पेश भएकोमा बाँकी रु. ६५,९३० असूल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,९३० |

५२.७ (१२८६-): **बढी भुक्तानीः** चालुबाट पशु विमा प्रिमियम ५०/५० प्रतिशत अनुदान बापत श्री शिखर इन्सयोरेन्स कम्पनी लिमिटेडलाई रु. ५३,२००/- भुक्तानी गरिएकोमा संलग्न टिप्पणी आदेश बमोजिम रु. २७,४५०/- मात्र भुक्तानी माग भई आएकोले करकट्टि पछि रु. २५,७५० असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,७५० |

५२.८ (१३६७-): **बढी भुक्तानीः** चालुबाट पशु विमा प्रिमियम ५०/५० प्रतिशत अनुदान बापत श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडलाई रु. ४२,१५०/- भुक्तानी गरिएकोमा संलग्न टिप्पणी आदेश बमोजिम रु. २१,३२५/- मात्र भुक्तानी माग भई आएकोले रु. २०,८२५ असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,८२५ |

५२.९ (२५२-): **बढी भुक्तानीः** चालुबाट वडा नं. ६ सचिव श्री गोविन्द पोखरेललाई घर रंगरोगन वापत रु. ६०,१७३/- भुक्तानी गरिएकोमा प्राविधिक बिल रु. ५१,२६९/- मात्र रहेकोले बाँकी रु. ८,९०४ असूल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,९०४ |

५३ **परामर्स तथा डी.पी.आर.खर्च —** यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| थानीमाई पार्कको विस्तृत योजनाप्रतिवेदन तयार | एलिशा इन्जिनियरिङ्ग वर्कस एण्ड कन्सल्टेन्सी सर्भिसेज प्रा.लि. | १७,५९,४१०/- | १७,५९,४१०/- | |
| सिद्धबाबा मन्दिर तथा गौशालाको विस्तृत योजना प्रतिवेदन तयार | ल्याटिस् डिजाइनर्स एण्ड डेभ्लपर्स प्रा.लि. | १७,४९,२४०/- | १७,४९,२४०/- | |
| सिमरा रंगशालाको विस्तृत योजना प्रतिवेदन तयार | गौमुखी ईन्जिनियरिङ सर्भिसेज प्रा.लि. | ९,५२,०२५/- | ९,५२,०२५/- | |
| वडा नं. १० र १२ स्थित फत्तेपुर बजार तथा नितनपुर बजारको विस्तृत योजना | शान्ता कन्सल्टेन्टस प्रा.लि. | १८,९०,४९०/- | १८,९०,४९०/- | |

| | | | | |
|---|---|---|---|---|
| प्रतिवेदन तयार | | | | |
| भंडोरी सेर खोलाको झोलुङ्गे पुलको डि.पि.आर.कार्य बापत | भगत इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड बिल्डर्स प्रा.लि. | ४,८०,२५०/- | ४,८०,२५०/- | |
| २२, ७ र ५ खोला जोड्ने झोलुङ्गे पुलको डि.पि.आर. तयार गर्ने | रोहन इन्जिनियरिङ्ग एण्ड बिल्डर्स | ४,८०,२५०/- | ४,८०,२५०/- | |
| सडक सिचाई खानेपानी व्यापारिक क्षेत्रको डि.पि.आर. तयार गर्ने | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि. | ४,८३,०७५ | ४,८३,०७५ | |
| सगरदिन सिचाई परियोजना व्यवस्थापनको डि. पि. आर. | ब्राइट फ्युचर कन्सल्टयान्ट प्रा.लि. | ४,८३,६४० | ४,८३,६४० | |
| बिभिन्न रोड सम्बन्धीको डि.पी.आर. | मेन स्ट्रिम कन्सल्टेन्ट एण्ड कम्पनी प्रा.लि. | १८,९०,७७७ | १८,९०,७७७ | |
| जम्मा | | ८२,७८,३८० | ८२,७८,३८० | |

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । यस्ता खर्चको लागत अनुमान अनुसार विज्ञको प्रयोग गरेको पाइएन । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

५४ **शीर्षक फरकः** आर्थिक कार्यबिधि तथा बित्तिय उतरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ अनुसार बजेट खर्च गर्दा स्वीकृत बजेट शिर्षकको अधीनमा रहि खर्च गर्नुपर्नेमा शीर्षक फरक पारी यसरी एक शीर्षकमा बिनियोजित बजेटबाट अर्कै प्रकृतिको खरिद गर्नु उचित देखिएन । यसरी शीर्षक फरक पारी रु. १५,४६,९१३ खर्च लेखेकोमा सो लेख्ने कार्यमा सुधार हुनुपर्दछ ।

| **गौश्वरा भौचर** | **भुक्तानी पाउनेको नाम** | **बिनियोजित शिर्षक** | **खर्च शिर्षक** | **रकम रु.** |
|---|---|---|---|---|
| १०।०७९।६।१४ | कृष सप्लायर्स रु. ३१७४१७ र<br><br>बारा ब्रोदर्स सप्लायर्स रु. ४८५३९१ | कार्यालय सामाग्री इलेक्ट्रिकल्स | फर्निचर तथा फिक्चर्स | ८,०२,८०८ |
| १५।०७९।७।४ | लक्ष्मी रेफ्रिजरेशन | मेसिनरी औजार | फर्निचर तथा फिक्चर्स | २,६४,९८५ |
| ३७८।०८०।१।३१ | प्रवीन सप्लायर्स | मेसिनरी औजार | फर्निचर तथा फिक्चर्स | ४,७९,१२० |
| जम्मा | | | | १५,४६,९१३ |

सैद्धान्तिक बेरुजु

५५ **कोटेशनको कार्यः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) मा र नियमावली, २०६४ को नियम ८५ मा रु. १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउपत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मूल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पर्धी मूल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७९।८० मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्वारा गरेको देखिन्छ। योजनाको प्रमाण सहित अभिलेख राखेको देखिएन तथा उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतिका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत

देखि ४ प्रतिशतसम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउँदा करिब १० देखि ४० प्रतिशतसम्म घटी प्रतिस्पर्धा भएको देखिन्छ । यसरी प्रतिस्पर्धा नगरी सोझै रु. २,९३,३१,५९० कोटेशनद्वारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ। यस्ता केही उदाहरण निम्न प्रकार छनः

| भौ.नं.र मिति | योजनाको विवरण | निर्माण व्यवसायी | भुक्तानी रकम रु. | घटी प्रतिशत |
|---|---|---|---|---|
| ३३१।०८०।१।२० | दुर्गा मन्दिर जाने बाटो ढलान तथा निर्माण | कृष्ण चतुर्भुज निर्माण सेवा | ९,१७,८६४ | ३.०५ |
| ४७२।०८०।२।२४ | सितोरियो करातेको लागि हल निर्माण | निहारिका निर्माण सेवा | ९,४५,३४२ | |
| ४७५।०८०।२।२४ | अंसारुलको घरदेखि अकिन मियाँको घरसम्म नाला निर्माण | समसेर कन्स्ट्रक्सन | ९,०७,६७० | |
| ४७७।०८०।२।२४ | पथलैयामा बिसुको घरदेखि दक्षिणपट्टि नाला सहित बाटो निर्माण | प्रधान ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ८,२७,६१८ | |
| ४८५।०८०।२।२५ | केशव कार्कीको घरदेखि उत्तरपट्टि पूर्व पश्चिम बाटो निर्माण तथा नाला निर्माण | महामाया कन्स्ट्रक्सन | ८,४८,०१५ | |
| ५०२।०८०।२।२९ | राम टोलमा शिव मन्दिर निर्माण | एक्सन कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ९,१५,२६८ | २.५१ |

| | | | | |
|---|---|---|---|---|
| ५०६।०८०।२।२९ | रामवन शिव मन्दिर निर्माण | निरंजन निर्माण सेवा | ९,३०,५३३ | २.३० |
| ५१२।०८०।२।३१ | वडा नं. २ मुसर्नीमाई टोलदेखि वडा नं. ३ बलुवा टोल जाने वाटो निर्माण | निसन कन्स्ट्रक्सन | ९,४६,४८५ | ३.०९ |
| ५२०।०८०।२।३२ | श्री ने.रा.आ.वि.किचनपुर (रेडक्रस टोल) कम्पाउण्ड वाल निर्माण | इन्टेरियर वर्ल्ड प्रा.लि. | ६,४९,६४२ | ३.०३ |
| ५५३।०८०।३।३ | जैतापुर देखि रामनगर जाने बाटोमा ग्रेबल | प्रसाई निर्माण सेवा | ६,१२,९१० | ३.२० |
| ५५७।०८०।३।३ | जीतपुरको रातोपुल नजिक मसानघाट निर्माण | राधे राधे निर्माण सेवा | ९,२२,३६९ | ३.०४ |
| ५५९।०८०।३।३ | स्वास्थ्य चौकी जीतपुरमा कम्पाउण्ड पर्खाल निर्माण | लक्ष्मी कन्स्ट्रक्सन | ८,९५,१९६ | ३.०१ |
| ६०१।०८०।३।११ | पक्की नालामा ढक्कन निर्माण | विपिन निर्माण सेवा | ६,९०,१२५ | २.४८ |
| ६१२।०८०।३।११ | बाटो ग्रेबल र बाटोको ट्र्याक निर्माण | श्रेया कन्स्ट्रक्सन | ८,५६,५४८ | २.६३ |
| ६३५।०८०।३।१४ | कल्पवृक्ष बाटोमा ढलान | नविन कन्स्ट्रक्सन | ९,४७,७२७ | ३.० |

| | | | | |
|---|---|---|---|---|
| ६४०।०८०।३।१४ | हनुमान मन्दिर छेउमा रहेको सार्वजनिक ऐलानी जग्गामा धर्मशाला निर्माण | ताज बिल्डर्स | ८,७८,४१८ | |
| ६४५।०८०।३।१५ | मेनरोडको पश्चिमपट्टिको सोलार बत्ती जडान वडा नं. २१ | ई.यु.इन्टरनेशनल प्रा.लि. | ८,८२,५१६ | |
| ६४८।०८०।३।१५ | मेनरोडको पूर्वपट्टिको सोलार बत्ती जडान वडा नं. २१ | भान्जा निर्माण सेवा | ७,७१,६१० | |
| ६५९।०८०।३।१७ | वडा कार्यालयको दक्षिणपट्टि बाटो ढलान | प्रतिक्षा निर्माण सेवा | ९,४९,३७८ | ३.० |
| ६७४।०८०।३।१९ | टेडा रोड वडा नं. ७ गुदरी बजार जाने नाला निर्माण | एस.एन.कन्स्ट्रक्सन | ८,९८,१७९ | ३.०१ |
| ६८९।०८०।३।२० | अधुरो गुम्बा टोलमा बाटो ढलान | कोशीपारी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ८,०४,६७८ | २.४१ |
| ६९१।०८०।३।२० | कार्यालयमा स्टोर कक्ष निर्माण | जगदम्बा फोरस्यर निर्माण सेवा प्रा.लि. | ९,४०,३१० | ३.०३ |
| ७०७।०८०।३।२१ | ज्ञान बहादुर लामाको घरदेखि पश्चिम उत्तरपूर्व नाला निर्माण | ए.वि.सी. कन्स्ट्रक्सन एण्ड बिल्डर्स | ७,४४,०१३ | ३.५१ |

| | | | | |
|---|---|---|---|---|
| ७६२।०८०।३।२२ | वडा नं. १३ मा कल्भर्ट निर्माण | सिरु कन्स्ट्रक्सन | ८,९३,९६६ | २.० |
| ७६९।०८०।३।२२ | लोहसाका टोलमा देवलाल महतोको घरदेखि गणेश राउतको घरसम्म बाटो ढलान | शिवम् कन्स्ट्रक्सन | ७,२८,८४८ | १.१३ |
| ७७४।०८०।३।२२ | इमलि प्रति टोलमा रामचन्द्र साहको घरदेखि पूर्वजाने बाटोमा ओम साहको घर हुँदै द्वारिका राय भरको घरसम्म ढलान | एच.आर.आर. कन्स्ट्रक्सन | ८,१९,७४४ | २.६१ |
| ७८१।०८०।३।२३ | श्री हंसवाहिनी श्रीपुर वडा नं. १२ र १९ जोड्ने बाटो मर्मत | एन.टि.बारा कन्स्ट्रक्सन प्रा.लि. | ७,२१,२५८ | ३.०५ |
| ८०९।०८०।३।२४ | सुरक्षा थापाको घर अगाडी र मगर संघको भवनदेखि पश्चिम दक्षिण नाला निर्माण | थापा ब्रदर्श ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ९,२२,१२६ | २.३२ |
| ८११।०८०।३।२४ | खडक श्रेष्ठको घरदेखि ववन साहको घरहुँदै हाइवेसम्म बाटो निर्माण | महावीर कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी | ९,१२,६८९ | ३.०७ |
| ८१५।०८०।३।२४ | रामजानकी मन्दिर निर धर्मशाला निर्माण बलुवा | दिपु कन्स्ट्रक्सन | ९,३५,४०७ | १.२९ |
| ८१७।०८०।३।२४ | लक्ष्मी भाउजुको घरदेखि दिपा पौडेलको | वुद्ध निर्माण सेवा | ९,२६,२३१ | ३.१० |

| | | | | |
|---|---|---|---|---|
| | घरसम्म नाला र सडक निर्माण | | | |
| ८१९।०८०।३।२४ | खल्पका टोलमा पक्की नाला निर्माण | आकाश कन्स्ट्रक्सन | ७,८२,५०५ | ३.०३ |
| ८२६।०८०।३।२४ | जोरलाही अधुरो कालोपत्रे सडक निर्माण | अनिश कन्स्ट्रक्सन | ९,७४,५४० | ०.५५ |
| ८३१।०८०।३।२४ | सामूदायिक भवन निर्माण (उत्तरीवाली टोल) | आशा कन्स्ट्रक्सन | ६,९४,४७१ | २.९६ |
| ८५४।०८०।३।२४ | राम टोलमा नाला निर्माण वडा नं. ७ | न्यू आलोक निर्माण सेवा | ७,३७,३९१ | २.९३ |
| जम्मा | | | २,९३,३१,५९० | |

सैद्धान्तिक बेरुजु

५६ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । तर नमूना परीक्षण गर्दा पालिका पूँजिगतवाट विभिन्न सामाग्री खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई एकै प्रकृतिका वस्तु तथा सेवालाई बिभिन्न समयमा टुक्रा गरी प्रतिस्पर्धावाट वंचित तथा लागत अनुमान समेत तयार नगरी बिभिन्न आपूर्तकवाट कोटेशन मार्फत् रु. १,५१,०१,९८३ को बिभिन्न सामाग्री खरिद गरेको नियमसंगत देखिएन ।

| भौ. नं. र मिति | आपूर्तक | सामाग्री | रकम रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ९।०७९।६।१४ | गीता स्टील फर्निचर उद्योग | फर्निचर सामाग्री | ३,३५,८९८ |
| १०।०७९।६।१४ | कृष सप्लायर्स र बारा ब्रोदर्स सप्लायर्स | फर्निचर्स तथा विविध सामाग्री | ८,०२,८०८ |
| १५।०७९।७।४ | लक्ष्मी रेफ्रिजरेशन | मेसिनरी सामाग्री | २,६४,९८५ |
| ४१।०७९।७।२७ | गीता स्टील फर्निचर उद्योग | फर्निचर सामाग्री | ५,७५,०२८ |
| ५३।०७९।८।२८ | गीता सप्लायर्स | फर्निचर सामाग्री | ५,१७,५४० |
| ९९।०७९।१०।५ | विध्या एण्ड सन्स सप्लायर्स | इन्जिनियरिङ्ग सामाग्री | ९,९९,७११ |
| १०१।०७९।१०।५ | अभिशेष फर्निचर उद्योग एण्ड वर्कशप | फर्निचर सामाग्री | ३,४९,७६३ |
| ११२।०७९।१०।१७ | क्रियटिभ आई.टि.सेन्टर | कार्यालय सामाग्री कम्प्युटर्स | २,९८,३२० |
| १२८।०७९।१०।२३ | अभिशेष फर्निचर उद्योग एण्ड वर्कशप | फर्निचर सामाग्री | २,९७,४७२ |
| १५०।०७९।११।११ | प्रथम जेनरल अर्डर सप्लायर्स | फर्निचर सामाग्री | ५,६१,३२७ |
| १५२।०७९।११।११ | श्री कृष्ण स्टील फर्निचर उद्योग | फर्निचर सामाग्री | २,८२,२१७ |
| १५३।०७९।११।११ | प्रथम जेनरल अर्डर सप्लायर्स | फर्निचर सामाग्री | ४,२८,२७० |

| | | | |
|---|---|---|---|
| १५४।०७९।११।११ | श्री कृष्ण स्टील फर्निचर उद्योग | फर्निचर सामाग्री | ४,३०,८१२ |
| १५६।०७९।११।२१ | श्रीराज इन्टरप्राइजेज | फर्निचर सामाग्री | १,९५,३७७ |
| ७१८।०८०।३।२१ | हलेसी जनरल | फर्निचर सामाग्री | ७,५५,६०५ |
| ७१९।०८०।३।२१ | पी.एस.मल्टीप्रपोज प्रा.लि. | फर्निचर सामाग्री | ९,३६,०९२ |
| ४५।०७९।८।१ | इभान इनर्जी सोलुसन प्रा.लि. | पोलबत्ती सामाग्री | ९,००,००० |
| १७१।०७९।१२।६ | क्रियटिभ आई.टि.सेन्टर | पोलबत्ती सामाग्री | ३,९९,५११ |
| १७३।०७९।१२।६ | सहनी ब्रदर्श इन्टरप्राइजेज | पोलबत्ती सामाग्री | २,४९,९३३ |
| २२८।०७९।१२।२२ | शिवदुलारी सप्लायर्स प्रा.लि. | पोलबत्ती सामाग्री समेत | ४,९१,१२१ |
| २४६।०७९।१२।२६ | बरदान इलेक्ट्रीकल्स एण्ड सप्लायर्स | पोलबत्ती सामाग्री | ९,९८,०७४ |
| २६३।०८०।१।५ | राज सप्लायर्स | पोलबत्ती सामाग्री | ५,००,००० |
| २६४।०८०।१।५ | रोशनी इलेक्ट्रोनिक्स एण्ड स्क्रेप्स ट्रेडर्स | पोलबत्ती सामाग्री | ९,८९,५२२ |
| २९४।०८०।१।१२ | सहनी ब्रदर्श इन्टरप्राइजेज | पोलबत्ती सामाग्री | ६,४९,८६३ |
| ३११।०८०।१।१४ | पशुपति इलेक्ट्रीक बर्कसप प्रा.लि. | पोलबत्ती सामाग्री | ४,९५,५६३ |

| | | | |
|---|---|---|---|
| ३१४।०८०।१।१४ | यस इन्टरनेशनल | पोलबत्ती सामाग्री | ४,९९,२७२ |
| ५५०।०८०।३।३ | सिमा इन्टरप्राइजेज | स्कुटर खरिद | २,९८,९९९ |
| ६३७।०८०।३।१४ | सिमा इन्टरप्राइजेज | स्कुटर खरिद | ५,९८,९०० |
| जम्मा | | | १,५१,०१,९८३ |

सैद्धान्तिक बेरुजु

५७ **उपभोक्ता समितिवाट भएका कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष २३६ वटा उपभोक्ता समिति मार्फत् काम गराई रु. २३,११,८०,२९६.६० भुक्तानी भएको देखिन्छ । सो मध्ये स्वीकृत वार्षिक कार्यालयगत योजना बमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको पाइएन,

ख) हेभी मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत् गराएको छ,

ग) योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको पाइयो,

घ) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको देखिएन,

ङ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यालयले आयोजना कार्य सम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको पाइएन,

च) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी

अनुसूची ३ बमोजिमको ढाँचामा गरेको पाइएन । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको देखिएन,

छ) उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत् निर्माण गर्ने कार्य भएको छैन । साथै कार्यालयले उपभोक्ताको भुक्तानी दिनु अगाडी गुणस्तर र परिमाण चेक जाँच गरी भुक्तानी दिएको पाइएन,

ज) उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन,

झ) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नु पर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुन सकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट खुलाएको पाइएन,

ञ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तसर्थ, कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ट) उपभोक्ता समिति गठन गर्दा सम्वन्धित उपभोक्ता समितिका पदाधिकारी स्थानीय वासिन्दा रहेको परिचय खुल्ने प्रमाण संलग्न नभएकोले सम्बन्धित सेवा स्थानीय बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको भनी एकिन गर्न सक्ने आधार भएन,

ठ) केही उपभोक्ता समितिवाट कार्य गराउदा कार्यालयले आवश्यक कुराहरु खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरेको वा उपभोक्ता समिति वा लाभग्राही समुदाय आफैंले निवेदन दिएको प्रमाण संलग्न देखिंदैन । सार्वजनिक सूचना प्रकाशन भएकोमा समेत काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नु पर्ने रकम लगायतको विवरण खुलाएको देखिएन । यस्ता सूचना वा निवेदकको अलग्गै अभिलेख राखेको पाइएन,

ड) उपभोक्ता समिति/लाभग्राही समुदाय प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाण पेश हुन सकेन। दर्ता

वेगरका उपभोक्ता समितिवाट कार्य गराउने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

ढ) कार्यालयले पेश गरेको लागत अनुमान एवम् प्राविधिक मूल्याङ्कनमा कहिकतै मिति उल्लेख नभएकाले लागत अनुमान स्वीकृती र समयमै कार्य भए नभएको सम्वन्धमा एकिन हुने आधार रहेन,

ण) अधिकांश प्राविधिक मुल्यांकन गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी किताबको नम्वर उल्लेख गरी अलग्गै अभिलेख राख्नु पर्दछ,

त) पालिकाले उपभोक्ता समितिलाई भुक्तानी गर्दा कतिपय भुक्तानीमा वडाको सिफारिस संलग्न भएको पाइएन,

थ) कतिपय उपभोक्ता समितिसँगको सम्झौतामा कार्यालय प्रमुखको सहि छुटेको, अधिकांश उपभोक्ता समितिसँगको सम्झौता अधिकार प्राप्त अधिकारीसँग भएको पाइएन,

द) उपभोक्ता समितिले गरेको कार्यको लागत अनुमान तथा सम्झौता रकम भन्दा ५० % सम्मको घटीको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन दिई भुक्तानी दिएको पाइयो । यसले उपभोक्ता समितिले गरेको कार्य गुणस्तरयुक्त तथा लागत अनुमान अनुसार छ भनी भन्न सक्ने अवस्था रहेन । यस सम्बन्धमा पालिकाले यकिन गरी घटि कार्यको भेरिएसन आदेश स्वीकृत गरी मात्र भुक्तानी दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **उपभोक्ता समितिलाई म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ तथा उपभोक्ता समितिसँग गरिएको सम्झौता अनुसार उपभोक्ता समितिले एक आर्थिक वर्षभित्र कार्य सम्पन्न गर्ने गरी सालवसाली रुपमा तोकिएको म्यादभित्र कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । यसरी देहाय बमोजिमको उपभोक्ता समितिले म्याद थप गरी अर्को आर्थिक वर्षमा कार्य सम्पन्न गरेको देखिन्छ । यसरी उपभोक्ता समितिबाट समयभित्र कार्य सम्पन्न गराई नियमावली तथा सम्झौतामा भएको व्यवस्था वा बुँदालाई पालना गर्नु पर्दछ।

| विवरण | सम्झौता रकम रु. | सम्पन्न हुनुपर्ने मिति | सम्पन्न भएको मिति | थप म्याद अवधि |
|---|---|---|---|---|
| वडा कार्यालय भवन निमार्ण उ.स. १५ | ३५,००,००० | २०७९।२।३० | २०७९।६।१२ | ३ महिना १२ दिन |

| | | | | |
|---|---|---|---|---|
| वडा कार्यालय भवन निमार्ण उ.स. १४ | ३३,००,०७३.४८ | २०७८।१२।२५ | २०७९।३।२५ | ३ महिना |
| बाटो ढलान तथा नाला निर्माण उ.स. वडा नं. ५ | ५५,०१,७३७.८८ | २०७८।११।३० | २०७९।७।२७ | ७ महिना २७ |
| रघुनाथपुर सामूदायिक भवन निर्माण उ.स. | २७,७७,७७७.७८ | २०७९।३।१५ | २०८०।१।४ | ९ महिना १९ दिन |
| बैजनाथको घरको छेउको मन्दिर निर्माण तथा पर्खाल निर्माण उ.स. २३ | १६,५०,००० | २०७८।१२।३० | २०८०।२।८ | १ वर्ष ३८ दिन |

सैद्धान्तिक बेरुजु

५९ **अन्य संस्थालाई भुक्तानीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । जसबाट अन्य संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनु पर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. ६,७५,३९७ रकम भुक्तानी भएका छन् । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित नभएको रकम नियमसम्मत नदेखिएको रु.

| **भौ.नं. र मिति** | **संस्थाको नाम** | **प्रयोजन** | **अनुदान रकम रु.** |
|---|---|---|---|
| ९।०७९।६।१४ | शसस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश, जीतपुर | फर्निचर सामाग्रीहरु कार्यालय प्रयोजनको लागि | ३,३५,८९८ |

| | | | |
|---|---|---|---|
| १०।०७९।६।१४ | जिल्ला प्रशासन कार्यालय, बारा | इलेक्ट्रोनिक्स सामाग्री कार्यालय प्रयोजनको लागि | १,५७,५०० |
| ४५६।०८०।२।२३ | आत्मज्ञान प्रसार संघ | इलेक्ट्रोनिक्स सामाग्री कार्यालय प्रयोजनको लागि | १,८१,९९९ |
| जम्मा | | | ६,७५,३९७ |
| | | अनियमित भएको | ६,७५,३९७ |

६० **सफ्टवेयर खरिदः-** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु. १२,२३,८२३ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

